समृद्धि फाउण्डेशन

# आ. व. २०७३/०७४को बजेटले सम्बोधन गर्नुपर्ने नीतिगत सुधारका लागि सुझावहरु

वैशाख २९, २०७३

## बजेट २०७३/०७४ - दोस्रो चरणको आर्थिक सुधार तर्फ

विनियोजन विधेयक, २०७३का सिद्धान्त र प्राथमिकता र आर्थिक वर्ष २०७३/७४ को नेपाल सरकारको नीति तथा कार्यक्रममा घोषणा गरेअनुसार यदि आउँदो दशकलाई उच्च आर्थिक वृद्धिको दशक र यस वर्षलाई उक्त प्रक्रिया शुरु (किकस्टार्ट) गर्ने वर्षका रुपमा लिने विषयलाई गम्भीरता साथ मनन गर्ने हो भने आर्थिक नीतिहरुमा आयामिक सुधार ल्याउनु अपरिहार्य छ। नेपालमा अहिले एकदमै खट्किएको दास्रो चरणको आर्थिक सुधारको यस बजेट सुरुवाति बिन्दु बन्न सक्छ। विद्यमान चुनौती तथा समस्याहरुको बारे खुलेर र गहिराईमा बहस गरी, भएका समस्याहरुलाई स्वीकार गरी, सुधारका लागि प्रतिबद्ध हुनु यस सुधार प्रक्रियाको पूर्वशर्त हो। पछिल्लो समयमा एक दशकको छोटो अवधिमै नाटकीय ढंगले आर्थिक वृद्धि गरेको जर्जिया, फिलिपिन्स, रुवान्डा, तथा हाम्रै छिमेकी मुलुक भारतको पनि उदाहरण लिने हो भने, यी देशका निर्णय गर्ने स्थानमा भएका व्यक्तिहरुले अल्पकालीन लोकप्रियतालाई प्राथमिकता नदिएर भए पनि गाह्रो तर अत्यावश्यक सुधारहरु अघि ल्याई दीर्घकालीन सम्मान र लोकप्रियता हासिल गरेको देखिन्छ।

## पृष्ठभूमि

विनाशकारी भूकम्प तथा लामो नाका अवरोधबाट सिथिल बनेको नेपालको अर्थतन्त्रलाई पुनर्जागृत गर्दै आर्थिक वृद्धिका संवाहक क्षेत्रहरुमा रुपान्तरण गर्ने नीति तथा सिद्धान्त अनुरुप आगामी बजेटले विद्यमान चूनौतीहरुलाई सम्बोधन गर्नु आजको आवश्यकता भएको छ। सन् २०२२ सम्ममा विकासशील मुलुकको रुपमा परिचित गराउनका लागि आवश्यक नीतिगत सुधारका कार्यक्रम चरणबद्ध रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ। यसका लागि नेपालको निजी क्षेत्रको मात्र नभई वैदेशिक लगानीकर्ताहरुको पनि अर्थतन्त्रमा सहभागिता बढाउनु अपरिहार्य भइसकेको छ, जसका लागि व्यवसाय गर्ने वा लगानीको वातावरणमा सुधार गर्नु नितान्त जरुरी छ। यसमा सरकारको भूमिका सहजकर्ताको रुपमा रहने नीति अनुरुप व्यवसायिक वातावरण सुधार गर्न आवश्यक नीतिगत पहल नेपाल सरकारले गर्नु आवश्यक छ। यस्तो सुधारको टड्कारो आवश्यकता भएको दशार्उने विभिन्न उदाहरणहरुमध्ये विश्व बैंकले वार्षिक रुपमा निकाल्ने डुइङ्ग बिजनेसको अन्तर्राष्ट्रिय प्रतिवदेन एक प्रमुख सूचक हो। सन् २००६ मा उक्त प्रतिवेदनको ५५ औं स्थानमा रहेको नेपाल अहिले ९९ औं स्थानमा आइपुगेको छ। दोस्रो चरणको आर्थिक सुधार ल्याई नेपालमा व्यवसाय गर्ने वातावरण सहज बनाई यस्ता प्रतिवदेनमा स्तरोन्नित गर्दै नेपाली तथा विदेशी लगानीकर्ताहरुको नेपाली अर्थतन्त्रमाथि विश्वास अझ दृढ पार्दै लाने लक्ष्य यस बजेटले लिनु जरुरी छ।

## उपरोक्त सुधार निम्नानुसारका निर्देशक सिद्धान्तहरुमा आधारित हुनु जरुरी छ :

१. प्रतिस्पर्धा र पारदर्शितामा आधारित अर्थतन्त्रको विकास

२. गरी खान पाउने नेपालको प्रत्याभूति : विधिको शासन र जीउधनको सुरक्षाका सिद्धान्तहरु सर्वोपरी गर्दै हरेक नेपालीको आर्थिक अवसरमा पहुँच बढाउने

३. थोरै भए पुगीसरी : कार्यान्वयन गर्न सकिने सीमित, व्यवहारिक, तथा सिद्धान्त र व्यवहार दुबैमा सबैलाई बराबर लागू हुने नीति नियम

४. उत्पादकत्व वृद्धि नै आर्थिक समृद्धिको आधार

५. अनुदान हैन अवसरको सिद्धान्तमा आधारीत नीति तथा कार्यक्रम

*यी सिद्धान्तहरुमा रहेर समृद्धि फाउण्डेशनले कृषि, औद्योगिक विकास, सार्वजनिक संस्थानको कार्यसम्पादनमा सुधार, व्यावसायिक वातावरणको सहजीकरण, निजी क्षेत्रको विकास, वैदेशिक लगानी प्रवर्द्धन, श्रम सम्बन्ध सुधार, लगायत चुस्त, प्रभावकारी र पारदर्शी प्रशासनिक प्रक्रियाको विकासका विषयहरुमा विगतका वर्षहरुमा गरेका विभिन्न अध्ययन तथा अनुसन्धानहरुबाट अगाडि आएका तथ्यहरुका आधारमा निम्न सुझावहरु नेपाल सरकारलाई प्रस्तुत गरेको छ :*

## १ हालको चुनौती तथा समस्या

जग्गाको हदबन्दी र प्रति व्यक्ति भूमि स्वामित्व कम भएकाले कृषिको व्यवसायीकरण गर्नका लागि व्यवसायिक रुपमा लगानी ल्याउन नसकिएको अवस्था रहेको छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

कृषि व्यवसायीकरणलाई प्रोत्साहन गर्ने गरी र निजी क्षेत्रलाई कृषिमा लगानी गर्न उत्प्रेरित गर्नका लागि करार खेतिको कानूनी रुपरेखा (नीति, कानून, नियमावली) तयार गर्ने । यसका लागि व्यवस्थापिका संसदमा ऐन प्रस्तुत गनुपर्ने र कानूनमा आवश्यक संशोधन सहित अनुमोदन गर्ने, र कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकायलाई जिम्मा दिइनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ६*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : १२, १५, २६*

## २ हालको चुनौती तथा समस्या

कृषिमा दिइने अर्बौंको वार्षिक अनुदानले, अपेक्षित परिणाम ल्याउन नसकेको तथ्य विभिन्न कृषि सम्बन्धी अनुसन्धानमूलक प्रतिवेदन तथा महालेखा परीक्षकको २०७१ को वार्षिक प्रतिवेदनले स्पष्ट रुपमा पहिचान गरेको छ। यसरी अनुदान र कमलाई प्रभावकारी बनाउन कृषिमा दिइने अनुदानको प्रक्रियामा आमूल परिवर्तन गर्नु आवश्यक भएको छ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

कृषि अनुदान कार्यसम्पादन र उत्पादकत्वका आधारमा दिइने नीति अबलम्वन गर्दै, संस्थागत रुपमा दिइएको सबै किसिमका कृषि अनुदान (रसायनिक मलमा दिइने लगायत) पुर्नविचार गरिनुपर्ने। यद्यपि, गरिबीको रेखामुनि रहेका कृषक परिवारलाई सहयोग पुर्याउनका लागि अबको कृषि अनुदान निम्न दुई किसिमले वितरण गरिनुपर्ने :

१. विनियोजित कुल अनुदान रकमको ७५ प्रतिशत रकम नेपाल सरकारसँग रहेको गरिबीको नक्साबाट गरिबीको रेखामूनि रहेका कृषक परिवारको पहिचान गर्दै अनुदान रकम कृषि विकास रणनीतिमा तय भएको भउचर प्रणाली लागू गर्दै सिधै कृषकको पायक पर्ने वित्त संस्थाको खातामा जम्मा गर्ने ।

२. विनियोजित कुल अनुदानको २५ प्रतिशत अनुदान उत्पादकत्व वृद्धि गरी बजारसम्म कृषि उपज पुर्याएका कृषकहरुलाई विशेष कार्यक्रमबाट पहिचान गर्दै, बजारसम्म पुर्याएको कृषि उपजको परिमाणमा आधारित भई दिने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ६, २५*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : २३, २८*

३

## हालको चुनौती तथा समस्या

मल, बीऊ, रसायन जस्ता कृषि सामाग्री समयमा सुलभ तरिकाले उपलब्ध हुन नसकेको अवस्था छ। यसमा निजी क्षेत्रको सहभागीता बढाउन नसकेकोले आधुनिक र सृजनशील प्रयासहरु प्रस्फुटन हुन सकेको छैन र नेपालमा कृषि क्षेत्र अहिलेपनि मौसमी खेती प्रणालीमा निर्भर भई निर्वाहमुखी मात्र रहेको अवस्था छ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

कृषि व्यवसायीकरण गर्न तथा उत्पादकत्व बढाउन र खाद्य सुरक्षाकालागि आवश्यक पर्ने कृषि सामाग्रीहरु सुलभ मूल्यमा सहज रुपमा उपलब्ध गराउनका लगि कृषि सामाग्री आयात तथा व्यापार गर्न अनुमति प्रणाली (लाइसन्स प्रणाली) खारेज गर्ने। यस क्षेत्रमा आयात, निर्यात तथा व्यापार गर्नकालागि सिद्धान्त, नीति र व्यवहारमा निजी क्षेत्रलाई खुला गर्ने। यस क्रममा कम्पनी ऐन अनुरुप कृषि सामाग्री व्यापार गर्ने उद्देश्य लिएका सबै निजी क्षेत्रका कम्पनीहरु योग्य रहने व्यवस्था गर्ने। यस्तो व्यापार गर्नका लागि नेपाल सरकारबाट अरु कुनै पनि विशेष अनुमति आवश्यक नपर्ने व्यवस्था गर्ने। यस्तो व्यापारमा अनियमितता रोक्नका लागि र आयातित सामाग्रीको गुणस्तर कायम गर्नका लागि कृषि मन्त्रालय अन्तर्गतको एक संरचनालाई प्रभावकारी नियमनको जिम्मा दिने।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ६*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : १२, २७*

४

## हालको चुनौती तथा समस्या

कृषि क्षेत्रमा वैदेशिक लगानी प्रतिबन्धित भएका कारण उच्च प्रविधिको कृषिको विकास हुन सकेको छैन।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

उच्च प्रविधि अपनाउने र विश्वव्यापी बजारमा प्रतिस्पर्धा गर्न सक्ने कृषिको विकासका लागि कृषि क्षेत्रमा क्रमबद्ध रुपमा वैदेशिक लगानी खुला गर्दै लग्नुपर्ने। यसको पहिलो चरणमा मत्स्यपालन, डेरी, पशुपालन र कुखुरा र मौरी पालन खुला गर्न सकिने।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ६*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : १२, १५, २६*

# नेपाली अर्थतन्त्रलाई गतिशील बनाउन लगानीमैत्री वातावरण

## १ हालको चुनौती तथा समस्या

विश्व बैंकको पछिल्लो डुइङ बिजनेस प्रतिवेदनअनुसार नेपालमा कुनै पनि उद्योग व्यवसायको कर तिर्न करदाताले औसत रुपमा ३३४ घण्टा सयम खर्चनु पर्दछ जुन भुटान बाहेक अन्य दक्षिणी एसियाली देशहरु भन्दा खराब हो । उक्त प्रतिवेदनका अनुसार कर तिर्ने सुगमतामा नेपाल विश्वव्यापी रुपमा १२४ औं स्थानमा छ । यसैगरी नेपालमा वर्षमा ३४ पटक कर तिर्न सरकारी निकायहरु धाउनुपर्ने स्थिती रहेको उक्त प्रतिवेदनले जनाँउदछ, जुन विकसित मुलुकहरुमा करिब १० मा मात्र सीमित छ । यसले निश्चय नै व्यवसाय गर्ने लागत बढाएको छ र धेरै व्यवसायहरुलाई अनौपचारिक नै रहिरहन प्रोत्साहन गरेको छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

कर प्रणालीलाई लगानीमैत्री तथा सरल बनाउँदै, बन्न लागेको एकिकृत कर संहितामा कर तिर्न लाग्ने समय घटाउन कुल कर संख्या समायोजन गरी घटाउने । यसमा सुधार गर्दै कर तिर्न लाग्ने समयलाई अधिकतम २५० घण्टामा झारिनुपर्ने र वर्षमा बढीमा १५ पटक मात्र सरकारी कार्यालयहरु जाँदा सम्पूर्ण कर तिर्न सकिने व्यवस्था बनाउने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, १६*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : १२९*

## २ हालको चुनौती तथा समस्या

विगतका केही वर्षहरुमा नेपालमा लगानीको वातावरण खस्किदै जानुको पछाडी राजनीतिक अस्थिरता र यसले निम्त्याएको भौतिक क्षति एक प्रमुख कारण रहेको छ । यस्तो अवस्थामा भौतिक क्षतिको क्षतिपूर्ति दिलाई जिम्मेवार पक्षलाई आवश्यक कारवाही नगर्नाले देशमा विधिको शासनको अवस्था पनि कमजोर हुँदै गएको छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

अनुशासित श्रमिक, व्यवस्थापक, उत्पादन प्रणाली, प्रर्वद्धक र नियामक एवं अभिभावक सरकारको सिद्धान्त विनियोजन विधेयकमा भनेअनुसार कार्यान्वयनका लागि कुनै पनि संगठित समूह, संस्था, राजनीतिक दल तथा तिनका भातृ संस्था, श्रम संगठन, कर्मचारी संगठन, रोजगारदाता संगठनले आयोजना गरेका बलपूर्वक विरोधका कार्यक्रममा भौतिक क्षति भएमा त्यस्तो क्षतिको क्षतिपूर्ति आयोजक समूहबाट दिलाउने कानूनी व्यवस्था गर्नुपर्ने । यस सम्बन्धी क्षतिपूर्ति कानून व्यवस्थापिका संसदमा यस आर्थिक वर्ष भित्र पेश गरिनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ७*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : ११३*

३

## हालको चुनौती तथा समस्या

नेपालको लगानीको वातावरणमा थप समस्या ल्याउने विभिन्न किसिमका पुराना कानूनहरु विद्यमान छन् । उदाहरणका लागि कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२ ले २० प्रतिशत भन्दा बढी हुने मुनाफालाई कालो बजारको मान्यता दिन्छ । यस्ता कानूनले नेपालमा रहेको व्यवसायको उन्नतिमा अवरोध खडा गर्छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

निजी क्षेत्रलाई आर्थिक वृद्धिको सहयात्रीका रुपमा लिने नीति अनुरुप नेपालमा विद्यमान पुराना, काम गर्न अवरोध पुर्‍याउने कानूनहरुको खारेजी गर्ने व्यवस्था गरिनुपर्ने । यस अर्न्तगत कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ जस्ता कानूनहरु खारेज गरिनुपर्ने । आवश्यक परेको विषयमा समसामयिक मुद्दाहरुलाई सम्बोधन गर्ने सान्दर्भिक ऐनहरु तर्जुमा गर्ने । यसका साथै व्यवसायिक वातावरणलाई प्रतिस्पर्धी बनाउन प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३मा आवश्यक संशोधनसहित कार्यान्वयनकालागि आवश्यक संरचनाहरुको व्यवस्था गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : २५*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : २३*

४

## हालको चुनौती तथा समस्या

नेपालमा हाल व्यवसाय दर्ता तथा संचालनका लागि लाग्ने समय र खर्च विकसीत मूलूकहरुको तुलनामा मात्र नभई दक्षिण एशियाली औसतको तुलनामा समेत बढी छ (पछिल्लो डुइङ्ग बिजनेस प्रतिवेदन) । कम्पनी बन्द गर्न पनि निकै झन्झटिलो र लामो समय लाग्ने स्थिति छ । पछिल्लो डुइङ्ग बिजनेस प्रतिवेदनका अनुसार नेपालमा दामासाहीमा परेका कम्पनीहरुलाई उम्कन २ वर्ष समय लाग्दछ । यसले गर्दा व्यवसायीहरु नेपालमा भन्दा छिमेकी मुलुकहरुमा लगानी गर्न उत्प्रेरित हुन्छन् । यसले नेपालबाट अनौपचारीक पूँजी पलायन समेतलाई निम्त्याएको छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

अनलाइन सिस्टमबाट कम्पनी दर्ता गर्ने व्यवस्थाले ल्याएको सहजतालाई निरन्तरता दिँदै यसमा डिजिटल सिग्नेचर र ई-भुक्तानीलाई सम्भव बनाउन आवश्यक नीतिगत र प्रशासनिक पहल गरिनुपर्ने । व्यावसायिक वातावरण सुधार गर्न व्यवसायीहरुलाई दर्ताका क्रममा विभिन्न निकायमा धाउनुपर्ने व्यवस्थाको अन्त्य गर्दै, कर, उद्योग लगायतका सम्पूर्ण दर्ता प्रक्रिया कम्पनी दर्ता कार्यालयबाटै मिलाइने व्यवस्था गरिनुपर्ने । यसैगरी कम्पनी कानूनको संशोधनद्वारा एकल दस्तावेज कम्पनी दर्ताको व्यवस्था मिलाइनुपर्ने । एकल व्यक्ति कम्पनी दर्ताका लागि सीमित विवरणहरु दिए पुग्ने र एकै कार्यदिनमा दर्ता हुने अनिवार्य व्यवस्था गरिनुपर्ने । बढीमा ७ दिन भित्रमा र बढीमा ४ वटा दस्तावेजहरुबाट कम्पनी दर्ता गर्ने व्यवस्था गरिनुपर्ने । यी यावत सुधारहरु समेटी यस वर्ष भित्र नै नयाँ कम्पनी ऐन तर्जुमा गरी व्यवस्थापिका संसदमा पेश गरिनुपर्ने । यस सँग-सँगै दामासाही सम्बन्धी ऐन, २०६३ मा पनि आवश्यक संशोधन ल्याई अन्य संरचनात्मक सुधार समेत गर्ने गरी कम्पनी बन्द/खारेजी गर्न लाग्ने समय र खर्च घटाउनुपर्ने ।

सरकारी निकायहरुबीचको आन्तरिक समन्वयलाई सुधार गर्दै विभिन्न सरकारी निकायहरु (उदाहरणका लागि उद्योग विभाग, नेपाल राष्ट्र बैंक, कर कार्यालय आदि)मा उद्यमीहरुले बुझाउनुपर्ने साझा दस्तावेजहरु एकै ठाँउमा बुझाए पुग्ने व्यवस्था गर्ने लगायतका अन्य आवश्यक सुधारका लागि औद्योगिक व्यवसाय ऐनमा कानूनी सुधार गर्ने र सँगसँगै आवश्यक प्रशासनिक संरचना तयार गरिनुपर्ने ।

यसै गरी व्यवसायिक वातावरण सुधारका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन तथा प्रतिस्पर्धा प्रर्वद्धन तथा बजार संरक्षण ऐन, २०६३ को संशोधन गरिनुपर्ने सुरक्षित कारोबार ऐन, २०६३ लाई कार्यान्वयनमा ल्याउनका लागि ऐनमा व्यवस्था गरे अनुरुप रजिष्ट्रार कार्यालयको स्थापना गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, २५*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : २३*

## ५ हालको चुनौती तथा समस्या

आर्थिक कारोवारसँग सम्बन्धित सरकारी निकायहरुको कार्यसम्पादनले व्यवसाय गर्न प्रभावकारी रुपमा सहजीकरण गर्न सफल भएको छैन र अर्थतन्त्रमा नकारात्मक असर पनि पारेको छ । यसै कारण सरकारी कामकाजमा अनावश्यक बिचौलियाहरु हावी भएका छन् र यसले भ्रष्टाचारलाई पनि बढावा दिएको छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

अर्थसम्बन्धी काम गर्ने सरकारी निकाय तथा त्यसका प्रशासकहरुको कार्यसम्पादनमा चुस्तता र प्रभावकारीता ल्याउन, कार्य सम्पादन करारको व्यवस्था गरिनुपर्ने । यसको शुरुवात उद्योग विभाग, आन्तरिक राजस्व विभाग, र कम्पनी रजिष्ट्रारको कार्यलयबाट गर्दा उचित हुन्छ । कार्यसम्पादनको मूल्याङ्कन एकै आधारमा मात्र (उदाहरणका लागि राजस्व विभागमा राजश्व संकलन दर मात्र) नभई सेवाग्रहीहरुको काम सम्पन्न गर्नमा द्रुतता, सेवाग्रहीको सन्तुष्टिको हद, आदि जस्ता सूचकहरुलाई पनि समावेश गरेर गरिनुपर्ने । हरेक तहमा करारमा उल्लेख भए बमोजिमको कार्य सन्तोषजनक रुपमा पुरा गर्न नसक्ने कर्मचारीलाई उक्त पदबाट हटाउने व्यवस्था गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ७*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : १२३*

६

## हालको चुनौती तथा समस्या

विनियोजित पूँजीगत खर्च पूर्ण रुपमा खर्च नहुने कारणले पूर्वाधारको विकास हुन सकेको छैन र बनेका पूर्वाधारहरुको लागत अत्याधिक बढेको छ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

प्रत्येक प्रदेशमा ३ वर्ष भित्र सम्पन्न गर्ने गरी कम्तिमा एक औद्योगिक क्षेत्र स्थापना गर्ने लक्ष्य अनुरुप पूर्वाधार विकासमा विनियोजन गरिएको बजेट खर्च गर्न नसक्ने निकायको अर्को वित्तीय चक्रको बजेटमा कटौती गर्ने र त्यस्ता निकायको प्रमुखलाई सो पदबाट हटाउने व्यवस्था गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : २४*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : ३७*

७

## हालको चुनौती तथा समस्या

उद्योग र व्यापार अघि बढ्नका लागि चुस्त र प्रभावकारी रुपमा करार र व्यापार सम्बन्धी मुद्दा छिनोफानो गर्न सक्ने क्षमता भएको अदालत वा इजलासको आवश्यकता पर्छ। नेपालमा करार कार्यन्वयन गर्नका लागि औसतमा ९०० दिन लाग्ने अवस्था रहेको छ। यस्तो परिस्थितिमा करार कार्यन्वयन गर्न कानूनी संरचनाको कमीले गर्दा व्यापार व्यवसायको वृद्धिमा प्रतिकुल असर परिरहेको अवस्था छ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

प्रतिस्पर्धात्मक अर्थतन्त्रलाई बढावा दिनका लागि प्रभावकारी व्यापारीक कानूनको व्यवस्था आवश्यक रहेको देखिन्छ। यसैले यस बजेटले न्यायपालिकासँगको सहकार्यमा वाणिज्य इजलासहरुको विस्तारकालागि आवश्यक कार्य अघि बढाउनुपर्ने आवश्यकता छ। यसका लागि चाहिने दक्ष जनशक्ति तयार पार्न यस बजेटले रकम विनियोजन गर्नुपर्छ। यसको जिम्मा नेपाल सरकारको तर्फबाट कानून मन्त्रालयले लिँदा उपयुक्त हुनेछ। वाणिज्य इजलासको प्रभावकारीता र यसप्रति पहुँच बढाउँदै कम्तिमा पनि हरेक प्रदेशमा एक देखि दुई वाणिज्य इजलासको व्यवस्था गरिनुपर्ने र यस्तो इजलासलाई व्यापारीक कानूनी व्यवस्थाका विज्ञहरुले चलाउने व्यवस्था गरिनुपर्छ। यसरी विश्व बैंकको डुइङ बिजनेस प्रतिवेदनमा करार कार्यान्वयन गर्न लाग्ने भनिएको औसत समयलाई ९०० दिनबाट ५०० दिनमा झार्ने लक्ष्य लिनुपर्छ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, १०*

# श्रमको उत्पादकत्व बढाउँदै श्रम बजारलाई गतिशील बनाउन

## १ हालको चुनौती तथा समस्या

औद्योगिक सम्बन्धको अन्तर्राष्ट्रिय अभ्यास हेर्दा पनि श्रम संगठनहरुले बन्द हड्ताल आह्वान गर्दा हड्ताल गरुन्जेलको ज्याला श्रम संगठनहरुले आफ्नै कोषबाट सहभागी मजदुरहरुलाई दिएका हुन्छन् । तर, नेपालमा भने मजदुरहरुले बन्द गर्दा बन्दको अवधिभरीको ज्याला पनि रोजगारदातासँगै माग गर्दछन् । यस्ता क्रियाकलापले काममा उत्पादकत्व बढाउने भन्दा पनि काम नगरी बन्द गर्दै ज्याला थाप्नेतिर उत्प्रेरणा दिएको छ । यसका अतिरिक्त, काम नगरेको श्रमलाई ज्याला दिने हैसियत कुनैपनि रोजगारदाताको हुँदैन ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

श्रम संगठनहरुले औद्योगिक कार्य (अवरोध तथा हड्ताल) गर्दा हड्तालमा संलग्न मजदुरहरुको ज्याला आफैं व्यवस्था गर्नुपर्ने र हड्तालको अवधिभरीको ज्याला रोजगारदातालाई माग गर्न नपाइने व्यवस्था गर्ने । यसका लागि आवश्यक कानूनी संरचना तयार पारी र ‘No work no pay’ को सिद्धान्त यथाशिघ्र अवलम्बन गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ७*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा: ९७*

## २ हालको चुनौती तथा समस्या

श्रमको उत्पादकत्व बढाउनका लागि उचित काम गर्ने श्रमिकलाई बढुवा दिने जस्ता उत्प्रेरक कार्य जति आवश्यक छ, खराब काम गर्ने श्रमिकलाई निरुत्साहित हुने गरी कारवाही गर्नु पनि उति नै आवश्यक छ । यद्यपि, श्रमिकको कार्यसम्पादन सन्तोषजनक नभए पनि विद्यमान श्रम कानून पालना गर्ने हो भने श्रमिकलाई निष्काशन गर्न लगभग असम्भव छ । यसरी नराम्रो काम गर्ने श्रमिकको स्थायित्व देख्दा राम्रो काम गर्ने श्रमिक पनि निरुत्साहित हुन्छन् र उत्पादकत्व स्वतः घटिरहेको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

श्रम ऐनमा उचित संसोधन ल्याई, निष्काशन गर्ने प्रक्रियाको सरलीकरण गर्ने क्रममा निष्काशन प्रक्रियालाई मुद्दा बनाई श्रमिक संगठनले औद्योगिक कार्य (अवरोध तथा हड्ताल) गर्न नपाउने, आर्थिक र व्यापारीक अवस्थाले ल्याएको कटौतिका लागि सरकारसँग अनुमति लिइरहनु नपर्ने र यदि अन्यायपूर्ण र गैरकानूनी रुपमा निष्काशन भएको भए कानूनी प्रकृया अवलम्बन गर्दै श्रम अदालतमा मुद्दा दायर गरी न्याय पाउने व्यवस्था गरिनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, १०*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा: ९७*

## ३
## हालको चुनौती तथा समस्या

अहिलेको श्रम व्यवस्था अनुसार श्रमिकको कामको समय निश्चित छ। नेपालमा बिजुलीको कमी, सयौं बन्द हड्ताल जस्ता अनेकन पूर्वानुमान गरिएका र नगरिएका समस्याले गर्दा तोकिएको समयमा उद्योग संचालन गर्न निक्कै कठिनाइहरु बेहोर्नु पर्ने अवस्था छ। उद्योगलाई रातिको बिजुली आउने समयमा संचालन गर्न अनेकन अनुमतिका साथै श्रमिकलाई निश्चित सिफ्टमा मात्र काम लगाउन सकिने व्यवस्था रहेको छ। यसले गर्दा नेपालमा रहेका उद्योगहरुले बाह्य चुनौतिको सामना गर्न सक्ने क्षमता न्यून हुन जान्छ र आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारमा नेपालका सामानहरु प्रतिस्पर्धी हुन नसक्ने हुन जान्छन्।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

नेपाली उद्योग र उत्पादनहरुको प्रतिस्पर्धा गर्ने क्षमता बढाइ, नेपाली श्रमिकहरुको उत्पादकत्व समेत बढाउन, श्रमिकलाई लगाउन सकिने कामको समयलाई लचकदार बनाउन उचित कानूनी सुधार गरीनुपर्ने । यस्तो व्यवस्थामा श्रमिकले पाउने सेवा र सुविधालाई कानून बमोजिम कायम गर्दै, कामको समय व्यस्थापन भने रोजगारदाताले निर्धारण गर्न पाइने व्यवस्था गरीनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, १०*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा : ९७*

## ४
## हालको चुनौती तथा समस्या

विगतको दशकमा औद्योगिक सम्बन्धमा पनि धेरै उतार चढाव आएका छन् । रोजगारी सृजना, उत्पादकत्व बढाउने र उद्योगहरुको विकास गर्नकालागि पनि सुमधुर औद्योगिक सम्बन्ध आवश्यक पर्छ । यस्तैमा अन्य कैंयन समस्या मध्ये औद्योगिक सम्बन्ध खस्किनुमा उचित र प्रभावकारी मध्यस्तता र द्वन्द व्यवस्थापन गर्ने सक्षम निकाय नहुनाले प्रमुख भूमिका खेलेको छ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

श्रमिकको हक हितलाई संरक्षण गर्दै, औद्योगिक सम्बन्ध सुमधुर पारी, उद्योगको विकासमा टेवा पुर्‍याइ थप रोजगारी सृजना गर्न औद्योगिक द्वन्द व्यवस्थापन काउन्सिलको स्थापना गर्ने व्यवस्था गरिनुपर्ने। सो काउिन्सलको संरचनाले द्वन्द व्यवस्थापनमा Alternate Dispute Resolution (ADR) को प्रयोग गनुपर्ने । यस काउन्सिल सरकार, ट्रेड युनियन र रोजगार दाताले नियुक्त गरेको Arbitrators ले बनेको हुने र यसले Interest based dispute हेर्ने र Rights based dispute लाई श्रम अदालतले हेर्ने कानूनी व्यवस्था गरिनुपर्ने । यसरी बनेको काउन्सीलको निर्णयलाई अन्तिम निर्णयको मान्यता दिने कानूनी व्यवस्था हुनुपर्ने। स्थानीय/जिल्ला स्तरमा हाल विद्यमान श्रम समन्वय समितिलाई यसै प्रयोजनका लागि संवाद प्रर्वद्धनको जिम्मेवारी सुम्पिनु उचित हुनेछ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ७*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाः ९९*

# औद्योगिक विकासमा सार्वजनिक संस्थानहरुको प्रभावकारिता

## १ हालको चुनौती तथा समस्या

विविध प्रयासका बावजुद पनि सार्वजनिक संस्थानहको कार्यसम्पादन सन्तोषप्रद हुन नसकेको र संस्थानको उद्देश्य बमोजिम संचालन हुन नसकेको अवस्था छ । केही सार्वजनिक संस्थानहरुको प्रदर्शनी राम्रै भएपनि पछिल्ला आर्थिक सर्वेक्षणहरुले देखाएअनुसार अधिकांश सार्वजनिक संस्थानहरुको अवस्था सन्तोषजनक छैन । रुग्ण संस्थानहरुका कारणले कोषमा व्यवस्था नगरिएका दायित्व दिनानुदिन बढ्दो क्रममा छ जुन अन्ततः करदाताहरुमा पर्न जाने भार हो । संचित नाफा १ अर्ब भन्दा बढी रहेका संस्थान ४ वटा मात्र छन् भने संचित घाटा १ अर्ब भन्दा बढी रहेका संस्थान ७ वटा छन् ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

उपभोक्तालाई आधारभूत वस्तुहरु सर्वसुलभ र सुपथ मुल्यमा उपलब्ध गराई विकासका आधारभूत संरचना निर्माण गर्ने, वस्तु तथा सेवा उत्पादन तथा विक्रीका क्षेत्रमा व्यावसायिक सिद्धान्त अबलम्बन गरी ती कार्यमा दक्षता एवं प्रभावकारिता बढाई नाफा समेत आर्जन गरी आत्मनिर्भर बन्ने उद्देश्यले स्थापित सार्वजनिक संस्थानहरुलाई सरकार तथा करदाताहरुमाथिको प्रशासनिक तथा वित्तीय भार बन्न नदिन अर्थ मन्त्रालय अन्तर्गतको निजीकरण सेलको क्षमता अभिवृद्धि गरी रुग्ण सार्वजनिक संस्थानहरुको संरचनात्मक सुधार गर्न शक्तिसम्पन्न र जिम्मेवार बनाइनुपर्ने ।

यसका लागि एक प्रमुख रणनीतिका रुपमा सम्पूर्ण सार्वजनिक संस्थानको कम्तिमा ५१ प्रतिशत सेयर स्वामित्व वित्तीय संस्था तथा उक्त संस्थाका कर्मचारीहरुलाई बिक्री गर्ने व्यवस्था गरिनुपर्ने (बजेटको नीति तथा कार्यक्रमको १०१ मा उल्लेख गरेअनुसार नै) । सो प्रयोजनकोलागि सम्पूर्ण सार्वजनिक संस्थानहरुलाई कम्पनी ऐनको दायर ामा ल्याउन यथाशीघ्र गृहकार्यको थालनी गरिनुपर्ने । एक अर्ब भन्दा बढी संचित घाटा भएका संस्थानहरुमा संरचनागत सुधार ल्याउन प्राथमिकता दिने र सुधारका क्रममा संस्थान हेरी सुधारका उपाय/रणनीति चयन गरिनुपर्ने । एक अर्ब भन्दा बढी संचित घाटा भएको नेपाल वायुसेवा निगमको सुधारलाई रणनीतिक साझेदार खोजी सुधार अघि बढाउनु उपयुक्त हुनेछ । अन्य संस्थाहरुका हकमा पनि संस्थानको अवस्था मूल्याङकन् गरी रणनीतिक साझेदारहरु खोजी सुधार अघि बढाइनुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ८,२८*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : १७, १०१*

## २ हालको चुनौती तथा समस्या

अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको पेट्रोलियम आपूर्तिमा नेपालले गत वर्ष चरम समस्या भोगेको र नेपालमा पेट्रोलियम आपूर्ति गर्ने एक मात्र सरकारी संस्थान नेपाल आयल निगमको संचित घाटा एक अर्ब भन्दा बढी रहेको अवस्था छ । यही घाटाको नाममा अन्तराष्ट्रिय बजारमा तेलको मूल्य निकै घट्दा पनि नेपाली उपभोक्ताले त्यसको लाभ भोग्न नपाएको अवस्था छ ।

## बजेटमा समावेश गर्नका लागि सुझाव :

उच्च आर्थिक वृद्धि प्रारम्भ (किक स्टार्ट गर्ने) रणनीति लिई आगामी दशकलाई आर्थिक वृद्धिको दशक घोषणा गरेको यस सरकारले आर्थिक गतिशीलताका लागि अत्यावश्यक ऊर्जा स्रोतहरुमध्ये पेट्रोलियम पर्दाथको सहज र निर्वाध उपलब्धता सुनिश्चित गराउन पेट्रोलियम व्यापारको क्षेत्रमा निजी कम्पनीहरुले पनि पेट्रोलियम आयात गरी आपूर्ति गर्न सक्ने वातावरण सृजना गनुपर्दछ। यसमा आयल निगमलाई रणनीतिक भण्डारन गर्ने निकायका रुपमा परिवर्तन गर्न सकिन्छ। सोकालागि अविलम्ब नँया पेट्रोलियम व्यवसाय ऐन तर्जुमा गरिनुपर्ने जसले विवाद व्यवस्थापन, मापदण्ड निर्धारण जस्ता मुख्य मुद्दाहरुमा स्पष्ट व्यवस्था ल्याउनेछ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ५, १४, १६, २४*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : ११, १४, ४२, ४४*

## १ हालको चुनौती तथा समस्या

उद्यमशीलता विकास एक चक्रिय प्रणाली (Entrepreneurial Ecosystem) मा आधारित हुन्छ । यसको विकासकालागि प्रारम्भिक चरणमा वित्तमाथिको पहुँचले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा हालको वित्त क्षेत्रमा रहेका संस्थाहरुले जोखिमपूर्ण लगानी गर्न नसकेकाले धेरै उद्यमीहरुले आफ्नो व्यवसायलाई शुरुवात गर्न कठिनाइहरु बेहोर्नु परिरहेको छ । विश्व बजारमा उद्यमहरुको प्रारम्भिक चरणमा एक हिसाबको जोखिमपूर्ण लगानी गर्न सक्ने Private Equity र Venture Capital जस्ता व्यवस्थाहरु, उचित कानूनी संरचनाको अभावमा फस्टाउन नसकेको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

उद्यमशीलता विकासको चक्रिय प्रणाली (Entrepreneurial Ecosystem)को प्रारम्भिक चरणमा सहयोग पुर्‍याउने गरी जोखिमपूर्ण लगानी गर्न सक्ने किसिमका Private Equity र Venture Capital का लागि आवश्यक कानूनी संरचना यस आर्थिक वर्ष भित्र तयार गरी कार्यान्वयनमा ल्याउने जिम्मा अर्थ मन्त्रलायले लिनु आवश्यक यस सम्बन्धी कानूनी व्यवस्थामा निम्न प्रावधानहरु हुनुपर्ने :

- सेयरको कारोबार प्रिमियममा गर्नका लागि कम्पनी ऐन, २०६३ ले व्यवस्था गरेको प्रावधान प्राइभेट इक्विटिको सन्दर्भमा लागू नहुने र Private Equity र Venture Capital मा लगानीकर्ता र सेयर विक्रेता बीचको सम्झौतामा सेयर मूल्य निर्धारण हुने व्यवस्था
- यसैगरी कम्पनी ऐनले लगाएको शेयर लगानीको हदबन्दी Private Equity र Venture Capital लगानी गर्ने कम्पनीलाई लागू नहुने व्यवस्था
- धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०६५ मा सेयर निष्काशन गर्नु अघि संस्थापक सेयरबारे नियम Private Equity र Venture Capital लाई लागू नहुने

कम्पनी ऐन र वैदेशिक लगानी ऐनले स्पष्ट रुपमा Private Equity र Venture Capital ले प्रयोग गर्न सक्ने विभिन्न किसिमका वित्तीय सामाग्री (financial instruments) हरु उल्लेख गर्नुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : २८*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : २१, २२, ९६*

## २ हालको चुनौती तथा समस्या

व्यवसायको प्रारम्भिक चरणमा रहेका व्यवसायीहरुको अन्य समस्या पहिचान नहुनाले र सरकारसँग छलफल गर्ने अवसर नहुनाले यस्ता उद्यमीहरुलाई प्रोत्साहन गर्न चाहिने आवश्यक नीति तथा कार्यक्रम निर्क्योल गर्न कठिनाइ भएको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

प्रारम्भिक चरणमा रहेका उद्यमीलाई प्रोत्साहित गर्न र उनीहरुको चुनौतिहरुलाई सरकारी स्तरबाट सहजीकरण गर्नका लागि अर्थ मन्त्रालयले अन्य साझेदारहरुसँग हातेमालो गर्दै, विश्वव्यापी रुपमा मनाइने विश्वव्यापी उद्यमशीलता सप्ताहको मौकामा वार्षिक रुपमा एक शिखर सम्मेलन आयोजना गर्ने । यसको उद्देश्य नेपालमा उद्यमशीलता विकासमा काम गरीरहेका सरोकारवालालाई एकै ठाउँ भेला गरी उद्यमशीलता विकासमा सरकारले खेल्न सक्ने सहजकर्ताको भूमिकाका बारेमा छलफल र आवश्यक पहल गर्नका लागि हुनेछ ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : २८*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : २१, २२, ९६*

## ३ हालको चुनौती तथा समस्या

नेपालमा उद्यमशीलता विकासकालागि पुँजीमा पहुँच बढाउन अत्यन्त जरुरी छ । यद्यपि, वित्त संस्थानहरु, र विशेष गरी बैंकहरुले उद्यमीहरुलाई धितो विनाको ऋण उपलब्ध गराउन नसक्ने अवस्था छ । उद्यमीहरुको जग्गा र स्थापित व्यापारीहरुको नामसँग जोडिएको सामाजिक प्रतिष्ठाबाहेक बैंकहरुले जोखिम उठाउन सक्ने प्रत्याभूतिहरु नरहेको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

बैंक तथा वित्तीय संस्थाहरुले व्यवसायीक योजनाका अधारमा पनि ऋण उपलब्ध गराउन सक्ने व्यवस्थाकालागि सुरक्षित कारोवार ऐन (Secure Transactions Act) लाई कार्यान्वयनमा ल्याउनका लागि सुरक्षित कारोवार रजिष्ट्रीको शीघ्र स्थापना गरिनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : २८*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदाहरु : २१, २२, ९६*

## १ हालको चुनौती तथा समस्या

नेपाललाई मध्यम आय भएको मुलूक बनाउनका लागि अत्यावश्यक पर्ने लगानी देश भित्रको पूँजी बजारले मात्र धान्न सक्ने अवस्था छैन । नेपालले अन्य विकासो न्मुख देशहरुको तुलनामा न्यून वैदेशिक लगानी आकर्षण गर्न सकेको छ । वैदेशिक लगानीको नियामक संरचनामा भएका अस्पष्ट प्रावधानहरुले भित्रिएको लगानीलाई पनि कठिनाइ भएको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

मध्यम आय भएको मुलुक बन्ने उद्देश्य प्राप्त गर्न, आन्तरिक तथा बाह्य स्रोतबाट पर्याप्त लगानी जुटाउन आवश्यक भएकाले, वैदेशिक लगानी सम्बन्धी नियामक कठिनाईहरुलाई सरलीकरण गर्दै वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नीति र ऐनको पुनरावलोकन गर्दै, देहाय बमोजिमको प्रावधानहरु सुनिश्चित गरीनुपर्ने :

- नेगेटिभ लिस्टमा उल्लेखित बाहेकको क्षेत्रमा वैदेशिक लगानी ल्याउनका लागि Automatic Approval Route को प्रणाली लागू गर्दै सिधै कम्पनी रेजिस्ट्रारको कार्यलयमा दर्ता गरी शुरुवात गर्न सकिने व्यवस्था गरीनुपर्ने ।
- सरकारी सुविधा लिनका लागि मात्र उद्योग विभागबाट औद्योगीक वर्गीकरणको अनुमति लिनुपर्ने व्यवस्था । अन्य प्रयोजनका लागि उद्योग विभागबाट कुनै किसिमको अनुमति लिनु नपर्ने व्यवस्था । यसरी गरीएको औद्योगिक वर्गीकरण औद्योगिक व्यवसाय ऐनमा तोकिए बमोजिमको हुनु पर्ने ।
- रिप्याट्रीएसन गर्दा राष्ट्र बैंकबाट मात्र स्वीकृति लिए पुग्ने अवस्था । अन्य निकायबाट चाहिने सूचना राष्ट्र बैंकले आँफै जम्मा गर्नु पर्ने व्यवस्था । यसको भार लगानीकर्तामाथि नपार्ने प्रावधान । रिप्याट्रीएसन गर्दा चाहिने दस्तावेजको सूची नेपाल राष्ट्र बैंकले सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने ।

*विनियोजन विधेयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : ७, २८*
*सरकारको आर्थिक बजेटका लागि आएको नीति तथा कार्यक्रमसँगको सान्दर्भिक बुँदा: १८*

# चुस्त, प्रभावकारी र पारदर्शी प्रशासनिक प्रक्रियाको विकास

## १ हालको चुनौती तथा समस्या

हरेक बर्ष बजेट भाषण आउनु अघि आर्थिक सर्वेक्षणले अर्थतन्त्रको स्वास्थ्यका बारेमा केही संकेत दिएता पनि अघिल्लो बर्षको बजेटको प्रभावकारिताको बारेमा त्यत्ति जानकारी दिएको हुँदैन । यसैले बजेट बनाउने सरकार र कार्यान्वयन गर्ने प्रशासनको प्रभावकारिताको उचित मूल्याङ्कन नभएको अवस्था छ ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

सरकारले गर्ने निरन्तर सुधार र नीति तथा बजेट प्रणालीमा गर्न सकिने सुधारका लागि प्रत्येक वर्ष, फाल्गुण मसान्त भित्रमा, अघिल्लो वर्षको नीति तथा कार्यक्रमको र बजेटको नीतिगत मूल्याङकन व्यवस्थापिका संसदमा प्रस्तुत गरिनुपर्ने । यस मूल्याङ्कनको जिम्मा अर्थ मन्त्रालयसँग भएपनि मूल्याङ्कन भने व्यवस्थापिमका संसदले पास गरेको विज्ञहरुलाई दिइनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदाहरु : १५ (ख), ३३*

## २ हालको चुनौती तथा समस्या

सरकारले ल्याउने हरेक नीतिले अर्थतन्त्रमा प्रभाव पारेको हुन्छ । यद्यपि, यो प्रभाव सकारात्मक हो वा नकारात्मक भन्ने कुराको लेखाजोखा निष्पक्ष रुपमा नहुने हुनाले नीतिको खास असरका बारेमा गहन छलफल हुने अवस्था छैन ।

### बजेटमा समावेश गर्नका लागि सुझाव :

पारदर्शी र अग्रगामी प्रशासन व्यवस्थाकालागि, सरकारले व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने हरेक नीति र ऐनमा, सो नीति र ऐनको प्रावधानहरुले अर्थतन्त्रमा पार्ने असर अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ । यस्तो असर को विवरणमा सो नीति तथा ऐनले राजस्वमा पार्ने असर, निजी पूँजी निर्माण (private capital formation)df पर्ने असर, सो ऐन वा नीति कार्यान्वयन गर्दा लाग्ने लागत र सो ऐन वा नीतिले ल्याउन सक्ने आर्थिक वृद्धि वा ह्रासका बारेमा विवरण अनिवार्य रुपले समावेश गरिनुपर्ने ।

*विनियोजन विद्येयकको सिद्धान्तसँगको सान्दर्भिक बुँदा : ३३*

# समृद्धि फाउण्डेशन : एक परिचय

समृद्धि फाउण्डेशन आर्थिक नीतिहरुमा अनुसन्धान तथा पैरवी गर्ने एक स्वतन्त्र गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले स्वतन्त्र र समृद्ध नेपाल निर्माणका लागि बजार व्यवस्था प्रर्वद्धन गर्ने व्यवहारिक सुधारहरुमा नीतिगत बहस चलाउँछ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सन् २००७ देखि सक्रिय भएर काम गर्दै आएको यस संस्थाले बजार प्रणाली र उद्यमशीलताको पक्षपोषण, शासनप्रणालीमा सुधार, तथा स्वतन्त्र समाजका मूल्यहरुको प्रर्वद्धनमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ ।

नेपालको आर्थिक विकासका सन्दर्भमा हुने नीतिगत छलफल र बहसमा उद्यमी, राजनीतिज्ञ, व्यवसायी तथा प्रशासक वर्ग लगायत विभिन्न विषयका विज्ञहरुलाई संलग्न गराई नेपालको आर्थिक वृद्धिमा टेवा पुर्‍याउन प्रयासरत संस्थाका रुपमो समृद्धि फाउण्डेशन चिनिने गर्दछ । सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय शैक्षिक कार्यक्रम 'अर्थालय', सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम 'उद्यमीसँग महिनाको अन्तिम बिहिबार', आर्थिक वृद्धिलाई सम्भव बनाउन गरिनुपर्ने नीतिगत सुधारको वार्षिक एजेण्डा तयार गर्ने 'नेपाल आर्थिक विकास एजेण्डा', आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले 'गरी खान देऊ!' जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ ।

## थप जानकारीका लागि:

www.samriddhi.org

/SamriddhiTPF

/SamriddhiTPF

/user/thesamriddhivideos